विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः भुक्तानी तथा फस्यौंट (पहिलो संशोधन) विधेयक,२०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. लिमा अधिकारी (आचार्य)
२.	मा. कुसुम महर्जन
३.	मा. क्रान्तिशिखा धिताल
४.	मा. प्रा. डा. पुष्पराज कडेल
५.	मा. कमल सुबेदी
६.	मा. नितिमा भण्डारी (कार्की)
७.	मा. सुशील खड्का
८.	मा. परशुराम तामाङ्ग
९.	मा. गणेश कार्की
१०.	मा. अनुश्का श्रेष्ठ
११.	मा. समिक्षा बास्कोटा

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. लिमा अधिकारी (आचार्य)	२	**मूल ऐनको दफा २ को खण्ड (ख) मा रहेका,** - "ठूलो मूल्यको भुक्तानी र अति जरुरी भुक्तानी" भन्ने शब्दहरूका सट्टा "ठूलो मूल्यको भुक्तानी, अति जरुरी भुक्तानी तथा राष्ट्रिय भुक्तानी प्रणालीमार्फत हुने अन्तर-आबद्ध कारोबार" भन्ने शब्दहरू राखुपर्ने। **मूल ऐनको दफा २ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ड१) पछि देहायको खण्ड (ड२) थप गर्नुपर्ने:-** "(ड२) डिजिटल सम्पत्ति वा खुला बैंकिङ्ग भन्नाले खुला एप्लिकेसन प्रोग्रामिङ इन्टरफेसको प्रयोग गरी राष्ट्रिय भुक्तानी प्रणालीमा आबद्ध हुने नवप्रवर्द्धनात्मक वित्तीय प्रविधि प्रणाली सम्झनुपर्छ।"
२.	मा. प्रा. डा. पुष्पराज कडेल	२	**मूल ऐनको दफा २ को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थप गर्नुपर्ने:-** "(ट१) "अन्तरसञ्चालनीयता (Interoperability)" भन्नाले फरक-फरक भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकका प्रणाली, उपकरण वा पूर्वाधार एक-अर्कासँग जोडी सेवाग्राहीले कुनै पनि प्रणाली वा उपकरणबाट भुक्तानी वा कारोबार गर्न सक्ने अवस्था सम्झनुपर्छ।"
३.	मा. गणेश कार्की	२	**मूल ऐनको दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गर्नुपर्ने:-** "(क१) "अन्तरसञ्चालन (Interoperability)" भन्नाले दुई वा दुईभन्दा बढी भुक्तानी प्रणाली, भुक्तानी सेवा प्रदायक वा अन्य सम्बन्धित पूर्वाधारबिच

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			सुरक्षित तथा मानकीकृत माध्यमबाट भुक्तानीसम्बन्धी सूचना, निर्देशन, कारोबार वा फस्यौंट आदानप्रदान तथा सञ्चालन गर्ने सेवा सम्झनुपर्छ।" **<u>मूल ऐनको दफा २ को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थप गर्नुपर्ने</u>:-** "(ज१) "भुक्तानी एकीकरणकर्ता (Payment Aggregator)" भन्नाले व्यापारी, भुक्तानी सेवा प्रदायकहरू वा भुक्तानी प्रणालीबिच विद्युतीय माध्यमबाट भुक्तानी स्वीकार, प्रक्रिया, राउटिङ, संकलन वा फस्यौंटको सहजीकरण गर्ने संस्था सम्झनुपर्छ।"
४.	मा. अनुश्का श्रेष्ठ	२	**<u>मूल ऐनको दफा २ मा देहायको खण्ड थप गर्नुपर्ने</u>:-** "(ठ१) "वितरित अभिलेख प्रविधिमा आधारित भुक्तानी प्रणाली" भन्नाले बैङ्कबाट स्वीकृत भुक्तानी प्रणालीमा भुक्तानी निर्देशनको प्रमाणीकरण, कारोबारको अभिलेखीकरण, मिलान वा फस्यौंट गर्न अधिकृत सहभागीहरूले प्रयोग गर्ने साझा विद्युतीय अभिलेख प्रणाली सम्झनु पर्छ। त्यस्तो प्रणालीमा प्रविष्टि भएको कारणले मात्र कुनै अभिलेख वा डिजिटल इकाइलाई मुद्रा वा कानुनी भुक्तानीको माध्यमको मान्यता प्राप्त भएको मानिने छैन।
५.	मा. लिमा अधिकारी (आचार्य)	३	**<u>मूल ऐनको दफा ३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (च१) को सट्टा देहायको खण्ड (च१) राखुपर्ने</u>:-** "(च१) आर्थिक, मौद्रिक, बैङ्किङ, वित्तीय, व्यवस्थापन, सूचना प्रविधि, भुक्तानी प्रणाली वा वाणिज्य कानुनमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			सम्बन्धित क्षेत्रको कम्तीमा दस वर्षको अनुभव भएका विज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एक जना - सदस्य"
६.	मा. प्रा. डा. पुष्पराज कडेल	३	<u>मूल ऐनको दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्ने</u>:- "(३क) उपदफा (१) को खण्ड (च१) बमोजिम मनोनीत सदस्यको कुनै विषयमा व्यक्तिगत वा वित्तीय स्वार्थ बाझिन आउने भएमा निजले सोको जानकारी बोर्डसमक्ष गराई सम्बन्धित निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।"
७.	मा. कमल सुबेदी	३	<u>मूल ऐनको दफा ३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (च१) को सट्टा देहायको खण्ड (च१) राख्नुपर्ने</u>:- "(च१) आर्थिक, मौद्रिक, बैङ्किङ, वित्तीय, व्यवस्थापन, सूचना प्रविधि, साइबर सुरक्षा वा वाणिज्य कानुनमध्ये कम्तीमा एक क्षेत्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएका र स्वार्थको द्वन्द्व नरहेका व्यक्तिमध्येबाट नेपाल सरकारले पारदर्शी आधारमा मनोनीत गरेको एक जन - सदस्य"
८.	मा. लिमा अधिकारी (आचार्य)	४	<u>मूल ऐनको दफा ४ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्ने</u>:- "(क) नगदरहित अर्थतन्त्र प्रवर्धन, वित्तीय समावेशिता वृद्धि, उपभोक्ता तथ्याङ्क सुरक्षा, खुला बैंकिङ्ग तथा अन्तर-आबद्धता सुनिश्चित गर्दै डिजिटल भुक्तानी प्रणालीलाई सुरक्षित, सुलभ र पारदर्शी बनाउने नीतिगत व्यवस्था गर्ने,"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
९.	मा. कुसुम महर्जन	५	**<u>मूल ऐनको दफा ६ को उपदफा (३) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्नेः</u>-** - "एजेन्टबाट भएको अनधिकृत कारोबार वा लापरबाहीबाट सेवाग्राहीलाई आर्थिक क्षति पुगेमा सम्बन्धित भुक्तानी सेवा प्रदायक जिम्मेवार हुने र एजेन्टको सेवा शुल्क तथा कारोबार सीमा सेवाग्राहीलाई स्पष्ट जानकारी गराउनुपर्ने।"
१०.	मा. प्रा. डा. पुष्पराज कडेल	५	**<u>मूल ऐनको दफा ६ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः</u>-** "(४) उपदफा (३) बमोजिम नियुक्त एजेन्टले सम्पादन गरेको कामको सम्पूर्ण दायित्व नियुक्ति गर्ने बैङ्क, वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायक संस्थाको हुनेछ।"
११.	मा. कमल सुबेदी	५	**<u>मूल ऐनको दफा ६ को उपदफा (३) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः</u>-** - "त्यस्तो एजेण्टले बैङ्कले तोकेको योग्यता, ग्राहक संरक्षण, जोखिम व्यवस्थापन तथा अभिलेखसम्बन्धी न्यूनतम मापदण्ड पूरा गर्नुपर्नेछ र एजेण्टबाट भएको काम तथा त्रुटिका सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्था जिम्मेवार हुनेछ।"
१२.	मा. समिक्षा बास्कोटा	५	**<u>मूल ऐनको दफा ६ को उपदफा (३) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः</u>-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "तर यसरी नियुक्त हुने एजेन्टको कार्यसम्पादनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित बैङ्क, वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायक संस्थाको हुनेछ र त्यस्तो एजेन्टको विवरण बैङ्कमा अद्यावधिक गराउनु पर्नेछ।"
१३.	मा. प्रा. डा. पुष्पराज कडेल	६	**<u>मूल ऐनको दफा ८ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ८ को उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "साथै त्यस्तो संस्था सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड (Financial Action Task Force) बमोजिमको मूल्याङ्कनमा असहयोगी मुलुक वा क्षेत्रमा दर्ता भएको हुनु हुँदैन र सोको प्रमाणसमेत निवेदनसाथ पेस गर्नु पर्नेछ।"
१४.	मा. अनुश्का श्रेष्ठ	६	**<u>मूल ऐनको दफा ८ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा रहेका,</u>** - "अन्तर्राष्ट्रियस्तरमा भुक्तानी सम्बन्धी कारोबार गरिरहेको" भन्ने शब्दहरूका सट्टा "कम्तीमा दश वटा विभिन्न मुलुकमा सम्बन्धित मुलुकको नियामक निकायबाट अनुमति प्राप्त गरी कम्तीमा पाँच वर्षदेखि भुक्तानीसम्बन्धी कारोबार गरिरहेको" भन्ने शब्दहरू राखुपर्ने। **<u>मूल ऐनको दफा ८ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा देहायको प्रतिबन्धमात्मक वाक्यांश थप गर्नुपर्ने,</u>** "तर त्यस्तो संस्थाले अनुमतिपत्र प्राप्त गर्नुअगि प्रचलित कानुनबमोजिम नेपालमा कम्पनी दर्ता गर्नु पर्नेछ र नेपालमा गरिने भुक्तानी कारोबार तथा सेवाग्राहीको व्यक्तिगत विवरणसम्बन्धी तथ्याङ्क बैङ्कले तोक बमोजिम नेपालभित्र जम्मा गर्नु पर्नेछ।"
१५.	मा. समिक्षा बास्कोटा	६	**<u>मूल ऐनको दफा ८ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा रहेका,</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "बैङ्कले निर्धारण गरेको योग्यता पुगेको संस्थाले" भन्ने शब्दहरूपछि "र नेपाल राष्ट्र बैङ्कले तोकेको न्यूनतम चुक्ता पुँजी वा जमानत रकम कायम राखेको" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१६.	मा. प्रा. डा. पुष्पराज कडेल	७	<u>मूल ऐनको दफा ९ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः</u>- - "तर दफा ८ को उपदफा (३) बमोजिमको विदेशी संस्थाको हकमा सम्बन्धित मुलुकको नियामक निकायसँग सूचना आदानप्रदान तथा सुपरिवेक्षकीय सहयोग सम्बन्धी समझदारी (Memorandum of Understanding) कायम भएको हुनु पर्नेछ।"
१७.	मा. अनुश्का श्रेष्ठ	७	<u>मूल ऐनको दफा ९ को उपदफा (१) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखुपर्नेः</u>- - "तर दफा ८ को उपदफा (३) बमोजिम प्राप्त निवेदनको हकमा बैङ्कले त्यस्तो संस्थाको मुलुकको नियामक निकायबाट प्राप्त निरीक्षण प्रतिवेदनलाई आधार मानी निरीक्षण गर्न सक्नेछ र नेपालमा सञ्चालन हुने प्रविधि पूर्वाधार, तथ्याङ्क भण्डारण प्रणाली तथा गुनासो सुनुवाइ संयन्त्रको मात्र स्थलगत निरीक्षण गर्नु पर्नेछ।"
१८.	मा. प्रा. डा. पुष्पराज कडेल	८	<u>मूल ऐनको दफा ११ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः</u>- "(४) उपदफा (१) बमोजिम अनुमतिपत्र दिन इन्कार गरेको निर्णय उपर चित्त नबुझ्ने निवेदकले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैँतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१९.	मा. प्रा. डा. पुष्पराज कडेल	१०	<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "साथै बैङ्कले यस्ता बैङ्क तथा वित्तीय संस्थाको भुक्तानी सम्बन्धी कारोबारको कम्तीमा प्रत्येक पाँच वर्षमा एक पटक सुपरिवेक्षकीय पुनरावलोकन गर्नु पर्नेछ।"
२०.	मा. लिमा अधिकारी (आचार्य)	११	<u>मूल ऐनको दफा १३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १३क. को उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्नेः-</u> "(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नवप्रवर्द्धनात्मक वित्तीय प्रविधि (फिनटेक) संस्थाको हकमा नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको नियामक परीक्षण ढाँचा (रेगुलेटरी स्यान्डबक्स) अनुसार परीक्षण अवधिभर दर्ता तथा अनुमति प्रक्रिया सम्बन्धी खुकुलो व्यवस्था लागु गर्न सकिनेछ।"
२१.	मा. प्रा. डा. पुष्पराज कडेल	११	<u>मूल ऐनको दफा १३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १३क. को उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्नेः-</u> "(३) डिजिटल वित्तीय सेवा प्रदायक संस्थाले सेवाग्राहीको व्यक्तिगत तथा वित्तीय तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम राख्न प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय स्तरमा मान्यताप्राप्त तथ्याङ्क सुरक्षा मापदण्ड बमोजिमको प्रणाली अवलम्बन गर्नु पर्नेछ।"
२२.	मा. नितिमा भण्डारी (कार्की)	११	<u>मूल ऐनको दफा १३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १३क. को उपदफा (१) को सट्टा देहायका उपदफा (१) राख्नुपर्नेः-</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२३.	मा. सुशील खड्का		"(१) बैङ्कले गैर बैङ्किङ डिजिटल वित्तीय सेवा, व्यक्तिबाट व्यक्तिमा (पियर-टु-पियर वा पिटुपी) हुने डिजिटल भुक्तानी सेवा प्रदान गर्ने तथा डिजिटल वित्तीय सेवा वा कारोबारलाई सघाउ पुऱ्याउने अन्य डिजिटल प्लेटफर्म वा सेवा सञ्चालन गर्ने डिजिटल वित्तीय सेवा प्रदायक संस्थालाई त्यस्तो सेवा वा प्लेटफर्म विस्तार गर्न स्वीकृति प्रदान
२४.	मा. गणेश कार्की	११	**<u>मूल ऐनको दफा १३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १३क. को उपदफा (१) मा रहेका,</u>** - "वित्तीय सेवा प्रदायक" भन्ने शब्दहरूपछि "वा भुक्तानी एकीकरणकर्ता (Payment Aggregator)" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा १३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १३क. को उपदफा (२) मा रहेको,</u>** - "सेवा प्रदायक संस्थाको स्वीकृति" भन्ने शब्दहरूपछि ", प्रकृति, कार्य र कारोबारमा भुमिकाको आधारमा विभिन्न वर्ग वा श्रेणीमा वर्गीकरण" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा १३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १३क. मा देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः</u>-** "(३) उपदफा (२) बमोजिम वर्गीकृत प्रत्येक वर्ग वा श्रेणीका लागि स्वीकृति, अनुमतिपत्र, सञ्चालन, जोखिम व्यवस्थापन, अन्तरसञ्चालन, फर्स्यौंट, कारोबार रकमको संरक्षण तथा अन्य आवश्यक विषय सम्बन्धी व्यवस्था बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(४) बैङ्कले डिजिटल वित्तीय सेवा वा भुक्तानीसम्बन्धी गतिविधिको नियमन गर्दा गतिविधिको वास्तविक कार्य, जोखिमको स्तर तथा प्रणालीगत प्रभावलाई आधार मानी आवश्यकताअनुसार फरक-फरक नियामकीय व्यवस्था लागु गर्न सक्नेछ।"
२५.	मा. लिमा अधिकारी (आचार्य)	१३	**मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्नेः-** "(३) उपदफा (१) बमोजिमको परीक्षण सञ्चालन गर्दा नवप्रवर्द्धनात्मक प्रविधि र नवप्रवर्द्धकहरूलाई प्रोत्साहन गर्ने गरी नियामक परीक्षण ढाँचा (रेगुलेटरी स्यान्डबक्स) को स्पष्ट कार्यविधि बनाई लागु गर्नु पर्नेछ।"
२६.	मा. कुसुम महर्जन	१३	**मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्नेः-** "(३) नयाँ भुक्तानी सेवाको परीक्षण गर्दा कारोबार रकम, अवधि र जोखिम सीमा पहिले नै निर्धारण गर्ने, सहभागीलाई जोखिमबारे जानकारी दिने र परीक्षणबाट क्षति भएमा क्षतिपूर्तिको व्यवस्था गर्नु पर्नेछ।"
२७.	मा. प्रा. डा. पुष्पराज कडेल	१३	**मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्नेः-** "(३) उपदफा (१) बमोजिम परीक्षणका लागि सेवा सञ्चालन गर्दा सम्बन्धित संस्थाले त्यस्तो सेवा परीक्षणकालीन अवस्थामा रहेको बेहोरा सेवाग्राहीलाई स्पष्ट रूपमा जानकारी गराउनुपर्नेछ र परीक्षणका क्रममा सेवाग्राहीलाई हुन गएको हानि नोक्सानी सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२८.	मा. नितिमा भण्डारी (कार्की)	१३	**<u>मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (१) को सट्टा देहायका उपदफा (१) राख्नुपर्नेः</u>-** "(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले कुनै नयाँ प्रकृतिको भुक्तानी सेवाको सम्बन्धमा आवेदन माग गरी वा आवेदन परेमा परीक्षणको लागि सेवा सञ्चालन गराउन सक्नेछ।"
२९.	मा. सुशील खड्का		
३०.	मा. गणेश कार्की	१३	**<u>मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (१) मा रहेको,</u>** - "परीक्षणको लागि" भन्ने शब्दहरूपछि "उपयुक्त वर्ग वा श्रेणीमा समावेश गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३१.	मा. अनुश्का श्रेष्ठ	१३	**<u>मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्नेः</u>-** "(३) नयाँ भुक्तानी प्रविधि वा वितरित अभिलेख प्रविधिको सीमित परीक्षण स्वीकृत गर्दा बैङ्कले परीक्षणको उद्देश्य, अवधि, सहभागी र कारोबारको सीमा, ग्राहकको रकमको सुरक्षा, ग्राहकको सूचित सहमति, गुनासो तथा क्षतिपूर्तिको व्यवस्था, तथ्याङ्क सुरक्षा, स्वतन्त्र परीक्षण, परीक्षण रोक्ने आधार र परीक्षण समाप्त हुँदाको निकास योजना लिखित रूपमा तोक्नुपर्नेछ। बैङ्कले त्यस्तो स्वीकृति वा अस्वीकृतिको कारण तथा परीक्षणको समग्र नतिजा सेवाग्राहीको गोपनीयता कायम राखी सार्वजनिक गर्नु पर्नेछ।"
३२.	मा. प्रा. डा. पुष्पराज कडेल	१४	**<u>मूल ऐनको दफा १८ को उपदफा (३) को खण्ड (च) पछि देहायको खण्ड (च१) थप गर्नुपर्नेः</u>-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(च१) संस्थाको समग्र जोखिम व्यवस्थापनको अनुगमन गर्न सञ्चालक समिति अन्तर्गत छुट्टै जोखिम व्यवस्थापन उपसमिति गठन गरी सञ्चालन गर्ने।"
३३.	मा. प्रा. डा. पुष्पराज कडेल	१५	<u>मूल ऐनको दफा १९ को उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:-</u> - "साथै कार्यकारी प्रमुख नियुक्त हुने व्यक्ति कुनै फौजदारी कसूरमा सजाय पाई त्यसको सजाय भुक्तान भएको मितिले पाँच वर्ष व्यतीत नभएको हुनु पर्नेछ।
३४.	मा. प्रा. डा. पुष्पराज कडेल	१६	<u>मूल ऐनको दफा २१ मा उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी त्यसपछि देहायको उपदफा (२) थप गर्नुपर्ने:-</u> "(२) संस्थाले सञ्चालन गर्ने भुक्तानी प्रणाली वा उपकरण अन्तरसञ्चालनयोग्य (Interoperable) हुने गरी सञ्चालन गर्नुपर्नेछ र यसरी अन्तरसञ्चालन गर्दा अपनाउनुपर्ने प्राविधिक मापदण्ड बैङ्कले तोकेबमोजिम हुनेछ।"
३५.	मा. प्रा. डा. पुष्पराज कडेल	१७	<u>मूल ऐनको दफा २४ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थप गर्नुपर्ने:-</u> "(१क.) संस्थाले आफ्नो तरलता जोखिम मूल्याङ्कन गर्न बैङ्कले तोकेबमोजिमको अवधिमा तरलता तनाव परीक्षण (Liquidity Stress Test) गरी सोको प्रतिवेदन बैङ्क समक्ष पेस गर्नु पर्नेछ।"
३६.	मा. प्रा. डा. पुष्पराज कडेल	१८	<u>मूल ऐनको दफा २५ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा २५ को उपदफा (२) पछि देहायको उपदफा (२क.) थप गर्नुपर्ने:-</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(२क.) संस्थाले उपदफा (२) बमोजिमको लेखापरीक्षणका अतिरिक्त प्रत्येक आर्थिक वर्षमा आफ्नो सूचना प्रविधि तथा साइबर सुरक्षा प्रणालीको परीक्षण गराई सोको प्रतिवेदन बैङ्क समक्ष पेस गर्नु पर्नेछ।"
३७.	मा. प्रा. डा. पुष्पराज कडेल	१९	**<u>मूल ऐनको दफा २७ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गर्नुपर्नेः</u>-** "(घ१) साइबर सुरक्षा भङ्ग वा सेवामा गम्भीर अवरोध जस्ता घटना भएमा त्यस्तो घटना भएको जानकारी पाएको चौबीस घण्टाभित्र दिइने विवरण,"
३८.	मा. लिमा अधिकारी (आचार्य)	१९	**<u>मूल ऐनको दफा २७ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) पछि देहायको खण्ड (ग१) र (ग२) थप गर्नुपर्नेः</u>-** "(ग१) उपभोक्ताको तथ्याङ्क सुरक्षा र व्यक्तिगत गोपनीयता सम्बन्धी पछिल्ला अन्तराष्ट्रिय मापदण्ड अनुसारको पूर्वाधार, (ग२) अनधिकृत वा जालसाजीपूर्ण भुक्तानी कारोबारबाट उपभोक्तालाई हुने क्षति रोक्न तत्काल चौबीसै घण्टा उपभोक्ता गुनासो सम्बोधन तथा साइबर सुरक्षा संयन्त्र।"
३९.	मा. प्रा. डा. पुष्पराज कडेल	२०	**<u>मूल ऐनको दफा २८ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्नेः</u>-** "(५) संस्थाले सेवाग्राहीको भुक्तानी सम्बन्धी तथ्याङ्क नेपालभित्रै रहने गरी संकलन, भण्डारण र प्रशोधन गर्नुपर्नेछ र बैङ्कको पूर्वस्वीकृति विना त्यस्तो तथ्याङ्क नेपाल बाहिर राख्न वा प्रशोधन गर्न पाइने छैन।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४०.	मा. कमल सुबेदी	२०	**<u>मूल ऐनको दफा २८ को उपदफा (२) मा रहेको,</u>** - "संस्थाले" भन्ने शब्दपछि "ग्राहकको व्यक्तिगत विवरण तथा कारोबारसम्बन्धी तथ्याङ्क आवश्यक प्रयोजन र न्यूनतम आवश्यक परिमाणमा मात्र उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा २८ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (४) मा रहेका,</u>** - "बैङ्कले निर्धारण गरेको मापदण्ड बमोजिम" भन्ने शब्दहरूपछि "ग्राहकको व्यक्तिगत विवरणको गोपनीयता, सूचना सुरक्षा, प्रयोजनको सीमा र अनधिकृत प्रयोग रोक्ने व्यवस्था सुनिश्चित गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४१.	मा. नितिमा भण्डारी (कार्की)	२०	**<u>विधेयकको उपदफा (३)</u>** झिक्नुपर्ने।
४२.	मा. सुशील खड्का		
४३.	मा. अनुश्का श्रेष्ठ	२०	**<u>मूल ऐनको दफा २८ को उपदफा (२) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) मा रहेका,</u>** - "सम्बन्धित प्रविधि प्रदायक संस्थालाई उपलब्ध गराएमा" भन्ने शब्दहरूका सट्टा "सम्बन्धित प्रविधि प्रदायक संस्थासँग गोपनीयता सम्बन्धी लिखित सम्झौता गरी सो प्रयोजनका लागि आवश्यक पर्ने न्यूनतम विवरण मात्र उपलब्ध गराएमा" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा २८ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (४) मा देहायका शब्दहरू थप गर्नुपर्ने:-</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "सेवाग्राहीको पहिचान खुल्ने विवरण, खाता नम्बर वा अन्य संवेदनशील व्यक्तिगत विवरण अपरिवर्तनीय साझा अभिलेखमा राख्न पाइने छैनस त्यस्तो प्रणालीमा आवश्यक परे कारोबारको प्रमाणीकरणका लागि न्यूनतम सङ्केतित वा छद्मनामित विवरण मात्र राख्न सकिनेछ।" **<u>मूल ऐनको दफा २८ मा थप विधेयकमा प्रस्ताव गरिएको उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्ने</u>:-** "(५) उपदफा (३) को खण्ड (ग१) बमोजिम जानकारी, तथ्याङ्क, विवरण, सूचना वा अभिलेख प्राप्त गर्ने प्रविधि प्रदायक संस्थाले त्यस्तो विवरण उपलब्ध गराइएको प्रयोजन बाहेक अन्य कुनै प्रयोजनमा प्रयोग गर्न, अन्य कसैलाई उपलब्ध गराउन वा बिक्री गर्न पाउने छैन, त्यस्तो संस्थाले पनि यस दफा बमोजिमको गोपनीयता कायम गर्नुपर्नेछ र सम्झौताको अवधि समाप्त भएपछि त्यस्तो विवरण बैङ्कले तोके बमोजिम नष्ट गर्नु पर्नेछ।
४४.	मा. समिक्षा बास्कोटा	२०	**<u>मूल ऐनको दफा २८ को उपदफा (३) मा देहायको खण्ड (ङ) थप गर्नुपर्ने</u>:-** "(ङ) उपदफा (३) भन्दा बाहेक अन्य कुनै व्यक्ति वा संस्थालाई विवरण उपलब्ध गराएको खण्डमा सेवाप्रदायक संस्थाहरू कानुनबमोजिम कारवाहीको भागेदारी हुनेछन्।
४५.	मा. प्रा. डा. पुष्पराज कडेल	२१	**<u>मूल ऐनको दफा ३० मा उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी त्यसपछि देहायको उपदफा (२) थप गर्नुपर्ने</u>:-** "(२) संस्थाले सेवाग्राहीबाट प्राप्त गुनासो वा उजुरी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र अनिवार्य रूपमा जाँचबुझ गरी टुङ्गो लगाउनुपर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४६.	मा. प्रा. डा. पुष्पराज कडेल	२२	**मूल ऐनको दफा ३१ को उपदफा (१) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्नेः-** "**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि क्रिप्टोसम्पत्ति वा भर्चुअल सम्पत्तिलाई भुक्तानी उपकरणको रूपमा मान्यता दिइएको मानिने छैन।"
४७.	मा. प्रा. डा. पुष्पराज कडेल	२३	**मूल ऐनको दफा ३२ को उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्नेः-** "(३क) यस दफाबमोजिम भइसकेको कारोबारको फर्स्यौंट अन्तिम र अपरिवर्तनीय हुनेछ र सम्बन्धित पक्ष दामासाहीमा परे वा निजउपर अन्य कुनै कानुनी कारबाही चले तापनि सो फर्स्यौंटलाई उल्ट्याउन वा रोक्न पाइनेछैन।"
४८.	मा. कुसुम महर्जन	२४	**मूल ऐनको दफा ३३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (८) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "तरलता सुविधा दिँदा त्यसको अवधि, सुरक्षण, जोखिम व्यवस्थापन र रकम फिर्ता गर्ने प्रक्रिया स्पष्ट निर्धारण गरी नियमित अनुगमन गर्नु पर्नेछ।"
४९.	मा. प्रा. डा. पुष्पराज कडेल	२४	**मूल ऐनको दफा ३३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (८) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "साथै त्यस्तो तरलता सुविधा उपलब्ध गराउँदा बैङ्कले पर्याप्त धितो लिनु पर्नेछ।"
५०.	मा. नितिमा भण्डारी (कार्की)	२४	**मूल ऐनको दफा ३३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
५१.	मा. सुशील खड्का		"(९) कुनै संस्थाको दामासाही प्रक्रिया प्रारम्भ भएमा दामासाही प्रक्रिया प्रारम्भ हुनुअगि यस ऐन बमोजिम फस्यौंट प्रणालीमा प्रवेश गरिसकेको भुक्तानी आदेश वा कारोबारको हस्तान्तरण तथा अन्तिम फस्यौंट सम्पन्न भएपछि मात्र त्यस्तो कारोबारका सम्बन्धमा दामासाहीसम्बन्धी प्रचलित कानुन बमोजिमको व्यवस्था लागु हुनेछ।"
५२.	मा. अनुश्का श्रेष्ठ	२४	<u>मूल ऐनको दफा ३३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (९) पछि देहायको उपदफा थप गर्नुपर्ने</u>:- "(१०) वितरित अभिलेख प्रविधिमा आधारित स्वीकृत प्रणालीको नियममा भुक्तानी निर्देशन कुन समयमा प्रविष्ट भएको र कुन समयमा अन्तिम तथा अपरिवर्तनीय भएको मानिने हो स्पष्ट उल्लेख हुनुपर्नेछ। कारोबारको अन्तिमताले ठगी, अनधिकृत कारोबार वा त्रुटिका कारण सेवाग्राहीले प्रचलित कानुनबमोजिम पाउने रकम फिर्ता, क्षतिपूर्ति वा अन्य कानुनी उपचारको अधिकार समाप्त गर्ने छैन। दिवालियापनसम्बन्धी कारबाही प्रारम्भ भएपछि प्रणालीमा प्रविष्ट भएका कारोबारलाई यस दफाको उपदफा (९) बमोजिमको प्राथमिकता प्राप्त हुने छैन।"
५३.	मा. प्रा. डा. पुष्पराज कडेल	२५	<u>मूल ऐनको दफा ३५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:- "(१क) बैङ्कले उपदफा (१) बमोजिम गरेको कारबाहीको विवरण आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्न सक्नेछ।"
५४.	मा. कुसुम महर्जन	२७	<u>मूल ऐनको दफा १६ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १६क. को उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(३) अनुमतिपत्र खारेज वा नवीकरण नभएको संस्थाले तोकिएको अवधिमा ई-मनी रकम फिर्ता नगरेमा सेवाग्राहीले उजुरी दिन पाउने र रकम फिर्ता तथा कानुनबमोजिम क्षतिपूर्ति पाउनेछ।"
५५.	मा. प्रा. डा. पुष्पराज कडेल	२७	**<u>मूल ऐनको दफा ४२ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:-** "(१क) संस्थाले सेवाग्राहीबाट संकलन गरेको इ-मनी बापतको रकम आफ्नो अन्य कारोबारसँग नमिसाई छुट्टै सुरक्षित (Safeguard) खातामा राख्नुपर्नेछ र त्यस्तो रकम संस्थाको दामासाही वा कारबाहीको अवस्थामा समेत सेवाग्राहीको दाबीबाट अलग राखिनेछ।"
५६.	मा. कमल सुबेदी	२७	**<u>मूल ऐनको दफा ४२ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "ग्राहक पहिचान वा प्रचलित कानूनबमोजिमको अन्य कारणले उक्त अवधिभित्र फिर्ता गर्न नसकिएमा रकम सुरक्षित रूपमा छुट्टै राखी सम्बन्धित ग्राहकलाई जानकारी दिनु पर्नेछ।"
५७.	मा. नितिमा भण्डारी (कार्की)	२७	**<u>मूल ऐनको दफा ४२ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) को सट्टा देहाय बमोजिम राख्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
५८.	मा. सुशील खड्का		"(१) यस ऐनबमोजिम जारी भएको अनुमतिपत्र खारेज भएको वा दफा १३ बमोजिम नवीकरण गर्ने अवधि समाप्त भई अनुमतिपत्र कायम नरहेको संस्थाले ई-मनी बापतको रकम तिस दिनभित्र सम्बन्धित ग्राहकलाई बैङ्कले निर्धारण गरेको प्रक्रिया बमोजिम फिर्ता गर्नु पर्नेछ।"
५९.	मा. प्रा. डा. पुष्पराज कडेल	२८	<u>मूल ऐनको दफा ४३ को उपदफा (४) मा देहायको प्रतिबन्धमात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर यस उपदफाको कुनै कुराले सम्बन्धित पक्षलाई प्रचलित कानुनबमोजिम अदालतमा जान बाधा पुऱ्याएको मानिने छैन।"
६०.	मा. कमल सुबेदी	२८	<u>मूल ऐनको दफा ४३ को उपदफा (२) मा रहेका,</u> - "बैङ्कको भुक्तानी प्रणाली विभागमा" भन्ने शब्दहरूका सट्टा "बैङ्कको गुनासो सुन्ने कक्षमा" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>मूल ऐनको दफा ४३ को उपदफा (२) को अन्तयमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "गुनासो दर्ता भएको प्रमाण तथा दर्ता नम्बर उपलब्ध गराउनु पर्नेछ। <u>मूल ऐनको दफा ४३ को उपदफा (३) मा रहेका,</u> - "पक्षहरूलाई झिकाई सुनुवाईको मौका दिई" भन्ने शब्दहरूपछि "आफ्नो भनाइ तथा आवश्यक प्रमाण पेस गर्ने पर्याप्त अवसर प्रदान गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६१.	मा. कुसुम महर्जन	२९	<u>मूल ऐनको दफा ४४ को संशोधनका लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४४ मा देहायको उपदफा थप गर्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(५क) विवादसँग प्रत्यक्ष सम्बन्ध भएको संस्थाको प्रतिनिधिलाई सो विवादको निर्णय प्रक्रियामा सहभागी हुन नदिने र समितिको निर्णयउपर कानुनबमोजिम न्यायिक उपचारको अधिकार सुरक्षित रहनेछ।"
६२.	मा. क्रान्तिशिखा धिताल	२९	<u>मूल ऐनको दफा ४४ को संशोधनका लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u> "(२) उपदफा (१) बमोजिम विवादको समाधान हुन नसकेमा कुनै एक संस्थाले उपदफा (३) बमोजिमको समितिसमक्ष विवादको समाधानको लागि निवेदन दिन सक्नेछ। <u>उपदफा (२) पछि देहायको उपदफा (३), (४), (५),(६) र (७) थप गर्नुपर्नेः-</u> "(३) देहाय बमोजिमको संरचनाको पाँच-सदस्यीय विवाद समाधान समिति रहनेः- (क) बैङ्कको सम्बन्धित विभाग हेर्ने कार्यकारी निर्देशक -अध्यक्ष (ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य (ग) प्रमुख कार्यकारी अधिकृत वा प्रमुख, सम्बन्धित संस्था -सदस्य (घ) बैङ्कको कानुन महाशाखा प्रमुख -सदस्य (ङ) बैङ्कको भुक्तानी प्रणाली विभागको कार्यकारी निर्देशक -सदस्य-सचिव (४) उपदफा (३) बमोजिम निवेदन परेमा विवाद समाधान समितिले पन्ध्र दिनभित्र सम्बन्धित अर्को पक्षलाई झिकाई सुनुवाइको मौका दिई विवादको समाधान गर्नु पर्नेछ। (५) उपदफा (४) बमोजिम विवाद समाधान समितिले गरेको निर्णय अन्तिम हुनेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(६) विवाद समाधान समितिको सचिवालयको काम बैङ्कको भुक्तानी प्रणाली विभागले गर्नेछ। (७) संस्थाहरूबिचको विवाद समाधानसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ।
६३.	मा. प्रा. डा. पुष्पराज कडेल	२९	**<u>मूल ऐनको दफा ४४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४४ को उपदफा (४) पछि देहायको उपदफा (४क) थप गर्नुपर्ने</u>:-** "(४क) उपदफा (३) बमोजिम विवाद समाधान समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैँतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।"
६४.	मा. कमल सुबेदी	२९	**<u>मूल ऐनको दफा ४४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४४ को उपदफा (३) मा रहेका,</u>** - "पन्ध्र दिनभित्र सम्बन्धित अर्को पक्षलाई झिकाई सुनुवाईको मौका दिई" भन्ने शब्दहरूका सट्टा "पन्ध्र दिनभित्र सम्बन्धित अर्को पक्षलाई लिखित सूचना दिई आफ्नो भनाइ तथा प्रमाण पेस गर्ने पर्याप्त मौका प्रदान गरी" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा ४४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४४ को उपदफा (४) मा रहेको,</u>** - "विवाद समाधान समितिले गरेको निर्णय अन्तिम हुनेछ" भन्ने शब्दहरूका सट्टा "विवाद समाधान समितिले गरेको निर्णय कारणसहित लिखित रूपमा

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			सम्बन्धित पक्षलाई उपलब्ध गराउनुपर्नेछ र प्रचलित कानुनबमोजिम न्यायिक उपचारको अधिकारमा असर पर्ने छैन" भन्ने शब्दहरू राख्नुपर्ने।
६५.	मा. परशुराम तामाङ्ग	२९	**<u>मूल ऐनको दफा ४४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४४ को उपदफा (४) मा रहेका,</u>** - "निर्णय अन्तिम" भन्ने शब्दहरूका सट्टा "चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावलोकनका लागि जानसक्ने" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६६.	मा. प्रा. डा. पुष्पराज कडेल	३०	**<u>मूल ऐनको दफा ४५ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) बैङ्कले यस दफाबमोजिम जारी गरेको निर्देशन वा आदेश आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ६६ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख